# इष्टर्न हाइड्रोपावर लिमिटेड
## ज्वागल - १०, ललितपुर
## नवौं बार्षिक साधारण सभाको निर्णय

इर्ष्टन हाइड्रोपावर लिमिटेडको नवौं वार्षिक साधारण सभा यस कम्पनीका अध्यक्ष श्री धनबहादुर श्रेष्ठको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि पारित गर्ने निर्णय गरियो ।

**सभाको मिति, समय र स्थान :**

मिति :- २०८२ साल पौष २७ गते आइतवार (तदनुसार ११ जनवरी, २०२५)

समय :- विहान ९:०० वजे

स्थान :- होटल हार्दिक, वागवजार, काठमाण्डौं ।

**सभाका प्रस्तावहरु :**

(१) **सामान्य प्रस्तावहरु :-**

क) कम्पनीको तर्फवाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरि पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

(२) **विशेष प्रस्तावहरु :-**

क) कम्पनीको हाल कायम रहेको चुक्ता पूँजिको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन सम्वन्धी ।

ख) कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन सम्वन्धी ।

ग) संचालक समितिमा संस्थापक समूहवाट प्रतिनिधित्व गर्ने ५ जना, सर्व साधारण समूहवाट प्रतिनिधित्व गर्ने १ जना र स्वतन्त्र समूहवाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन सम्वधी ।

३) **विविध**

१. **साधारण सभाको सूचना प्रकाशित सम्बन्धमा :**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८२/०९/०४ मा बसेको सञ्चालक समितिको बैठकले यस लिमिटेडको नवौं वार्षिक साधारणसभा मिति २०८२ पौष २७ गते आइतवार (तदनुसार ११ जनवरी, २०२६) विहान ९:०० वजे बस्ने भनी निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ (२) को व्यवस्था वमोजिम यस कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुलाई विद्युतिय माध्यम, कम्पनीको वेभसाईट र

सूचनापाटीमा टाँस गर्नुको साथै राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा प्रथमपटक मिति २०८२/०९/०६ गते र दोस्रो पटक मिति २०८२/०९/०८ गते प्रकाशित गरि उपस्थितिको लागि अनुरोध गरिएको थियो ।

२. **रजिष्ट्रेशन सम्बन्धी :**

कम्पनीकको तर्फबाट उक्त साधारणसभा हलमा कम्पनीका शेयरधनीहरुलाई रजिष्ट्रेशन स्थलमा कम्पनीका कर्मचारी र शेयर रजिष्ट्रार श्री एनएमवि क्यापीटल लिमिटेडका कर्मचारीहरुले हाजिरी पुस्तिकामा रजिष्ट्रेशन गरी सभाको कार्य तालिका, साधारणसभाका एजेण्डा, लेखापरीक्षण प्रतिवेदन समेत संलग्न रहेको कम्पनीकको तर्फबाट तयार पारिएको बार्षिक प्रतिवेदन सहित साधारण सभासंग सम्बन्धित विवरण प्रत्येक शेयरधनीहरुलाई उपलब्ध गराई सभाहलमा उपस्थिति जनाईएको थियो ।

**उपस्थिति :**

कम्पनीको नवौं बार्षिक साधारण सभामा सञ्चालक समितिका निम्नानुसार पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

| | | |
|---|---|---|
| १) | श्री धनबहादुर श्रेष्ठ | अध्यक्ष |
| २) | श्री देव राज राई | संचालक |
| ३) | श्री शोभादेवी कर्माचार्य | संचालक |
| ४) | श्री अशोक महर्जन | संचालक |
| ५) | श्री पुष्पराज शर्मा | संचालक |
| ६) | श्री शशि राज श्रेष्ठ | संचालक |

**साधारण सभामा उपस्थित अन्य पदाधिकारीहरु, प्रतिनिधिहरु तथा शेयरधनीहरु निम्नानुसार रहेका थिए ।**

| | | |
|---|---|---|
| १) | श्री सुसन कर्माचार्य | सल्लाहकार |
| २) | श्री नरहाङ्ग राई | सल्लाहकार |
| ३) | श्री सन्तोष कुमार भट्टराई | (अधिवक्ता ) कानुनी सल्लाहकार |
| ४) | श्री मिलन खतिवडा | कम्पनी सचिव |
| ५) | श्री ओम बहादुर बस्नेत | अध्यक्ष स्मार्ट इन्भेष्टमेन्ट प्रा.लि. |
| ६) | श्री इन्द्रमणी पोखरेल | अध्यक्ष मनिल्पान्ट साकोस |
| ७) | श्री रोशन शाह | प्रमुख कार्यकारी अधिकृत |
| ८) | श्री रमेश प्रसाद पाण्डे | शेयरधनी |
| ९) | डा. श्री सुरज वज्राचार्य | शेयरधनी |
| १०) | डा. श्री कृष्ण सागर शर्मा | शेयरधनी |
| ११) | श्री नरवहादुर राई | पूर्व संचालक |
| १२) | शेयरधनीहरु | (भौतिक उपस्थिति तथा प्रोक्सी). |

EASTERN HYDROPOWER Ltd.
2017

**सभाको अध्यक्षता :**
कम्पनीको नवौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा (१) एवं यस कम्पनीको नियमावलीको नियम १९ को उपनियम (१) अनुरुप संचालक समितिका अध्यक्ष श्री धनबहादुर श्रेष्ठले गर्नु भयो ।

**नवौं वार्षिक साधारण सभाको वैधानिकता तथा गणपुरक संख्या सम्बन्धमा :-**
आजको यस नवौं वार्षिक साधारण सभा वैधानिक भए नभएको सम्बन्धमा छलफल गर्दा हलमा उपस्थित हुनु भएका संस्थापक र सर्वसाधारण शेयरधनीहरु र दर्ता भएका प्रोक्सीको गणना गर्दा यस सभाको गणपुरक संख्या ६९% पुगी सभा कम्पनी ऐन, २०६३ को दफा ७३ र यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम सभा वैधानिक भएको कुरा अध्यक्षज्यूलाई सभामा जानकारी गराइयो र सभाले ताली बजाएर सभा वैधानिक भएको मन्जुर गऱ्यो । तत्पश्चात सभाका अध्यक्षले सभाको काम कारवाही अगाडी वढाउन निर्देशन दिनुभयो ।

**सभाको प्रारम्भ तथा गतिविधिहरु :**
कम्पनीका संचालक श्री पुष्प राज शर्मा ज्यूले सम्पूर्ण सहभागि व्यक्तित्वहरु तथा शेयरधनी महानुभावहरुलाई कम्पनीको नवौ वार्षिक साधारण सभामा स्वागत गर्दै मन्तव्य राख्नु भयो । सभाका अध्यक्ष श्री धनबहादुर श्रेष्ठले पानसमा वत्ती वालि कार्यक्रमको उद्घाटन गर्नुभयो । त्यस पश्चात कार्यक्रम संचालक श्री ओम वहादुर वस्नेतले सभाको कार्यसुची को जानकारी गराउँदै सोही अनुरुप कार्यक्रम अगाडी वढाउनु भयो । सभामा संचालक समितको तर्फवाट कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीका अध्यक्षले सभामा प्रस्तुत गर्नु भयो । त्यसै गरी कम्पनीको आ.व. २०८१।८२ को लेखापरिक्षण प्रतिवेदन र चालु आ.व. २०८२।८३ र आगामी आ.व. २०८३।८४ को बार्षिक वजेट तथा कार्यक्रम वित्तिय सल्लाहकार श्री भुपेन्द्र ज्ञवालीले प्रस्तुत गर्नु भयो । त्यस पछि कार्यक्रम संचालकले सभामा नवौं बार्षिक साधारण सभाका प्रस्तावहरु पेश गर्नु भयो र उक्त प्रस्ताव उपर दफावार छलफल गरि पारित गरियो ।

**छलफलमा सहभागि हुनुहुने शेयरधनी महानुभावहरु :**
साधारण सभामा प्रस्तावहरु पेश भै सकेपछि छलफलका लागी समय छुटयाइएको थियो । उक्त समयमा ९ जना शेयरधनीहरुले आफ्नो मन्तव्य राख्दै लिखित सुझाव समेत पेश गर्नु भएको थियो ।

**शेयरधनीहरुको मन्तव्य तथा लिखित सुझाव :-**

१) लाभांश सम्बन्धी प्रस्ताव नआउदा दुःख लागेको, १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न लागेकोमा खुसी लाग्यो, आई क्यानको मापदण्ड अनुसार पारिश्रमिक तथा सुविधा दिएर पौष मसान्त भन्दा अगाडी लेखापरिक्षकको नियुक्ती गर्नु पर्ने, संचालकहरुको सुविधा वढाउदा कर्मचारीको पनि सुविधा वढाउनुपर्ने, दशैं अगाडी साधारण सभा सम्पन्न गनुपर्ने, आयोजनाको सम्पूर्ण भौतिक अवस्थिती देखिनेगरी वित्तचित्र तयार गर्नुपर्ने ।

२) उत्पादन लक्ष्य र वास्तवीक उत्पादन विचको अन्तर किन वढी रहेको छ ? PPA अनुसारको बिक्रीदर र कर्जा व्यवस्थापनले नाफामा कस्तो असर परेको छ ? जल प्रवाह जोखिम घटाउन

EASTERN HYDROPOWER Ltd. 2017

मौसममा आधारित उत्पादन पूर्वानुमान प्रणालि लागु गर्नु पर्ने, स्थानीय सामुदायलाई Share र लाभांश संग जोड्ने र खर्चमा नितव्ययीता कायम गर्ने ।

३) शेयरधनीहरुलाई आगामी आ.व देखि Dividend दिनुपर्ने, पौष मसान्त अगावै साधारण सभा गरेर कम्पनीले आफ्नो सुशासन स्पष्ट पारेको, १:१ अनुपातमा हकप्रदशेयर समयमा निष्काशन गरियोस, कम्पनीद्वारा पेश भएको सामान्य प्रस्ताव र बिशेष प्रस्तामा समर्थन रहेको छ ।

४) समयमा साधारण सभा गरेकोले कम्पनीको संस्थागत सुशासन ठिक भएको, समिक्षा अवधिमा मुनाफा आर्जन गर्न सके पनि संचित नोकसान समाप्त नभएको भन्ने रहन्छ यस कुरालाई स्वीकृतिको विकल्प रहेन, १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने काम सकिएपछि हामीले लाभांश पाँउने निश्चीत देखिन्छ, मिल्ने भए वर्तमान लेखापरिक्षहरुलाई यथावत पारिश्रमिक दिएर नियुक्ती गर्न सुझाव दिन्छु ।

५) लाभांश प्रस्ताव ल्याउन नसक्दा दुःख लागेको छ , आ.व २०८१।८२ मा रु ८६,१६,२०४।- खुद नाफा आर्जन गरेपछि EPS 2.29 Negative वाट १.३६ Positive हुन गएको छ, १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने शुभ प्रस्ताव आएको छ , हकप्रद जारी गर्दा प्रथम पटक Fully Subscribe नभई बाँकी रहेको शेयरलाई एकै पटक Oxcen मा नगई पुनः १ पटक विधमान Share holder लाई Apply गर्न (सुविधा) आवश्यक प्रवन्ध गर्नु हुन, संचालकको निर्वाचन चुनावमा नगई आपसी सहमतीको आधारमा निर्विरोध चयन हुन सके ग्राहकहरुमा राम्रो Message जाने थियो, आगामी आ.व. २०८२।८३ को १० औ बार्षिक साधारण सभामा लगानी कर्तालाई आकर्षित गर्ने किसिमको लाभांश त्यो पनि 2 digit को वोनस शेयरको रुपमा प्रस्ताव गर्नु होला ।

६) नियामक निकायहरुको ढिला सुस्ती अन्त गर्नुपर्ने ।

७) कार्तिक मंसिर सम्म साधारण सभा गर्न सके राम्रो, विद्युत उत्पादन राम्रो गरेको, लेखापरिक्षण प्रतिवेदन नेपालीमा छपाउन प्रयास गर्नु पर्ने, Audit Report कम्पनीको Website मा राख्न पर्ने ।

८) समयमै बार्षिक साधारण सभा गरेकोमा संचालक र व्यवस्थापक लाई धन्यवाद, आगामी आ.व.को साधारणसभामा प्रतिफल आशावादी छु , खर्चमा मितव्ययीत आउनुपर्ने, निर्वाचीत संचालकहरु लाई वधाई ।

**शेयरधनीहरुको जिज्ञासा तथा सुझाव उपर अध्यक्षको जवाफ :-**

शेयरधनीहरुको जिज्ञासाको जवाफ सभाका अध्यक्षले दिनु भयो र प्राप्त सुझावहरु कमश कार्यान्वयन गर्दै जाने जानकारी सभालाई गराउनु भयो ।

EASTERN HYDROPOWER Ltd. 2017

**सभावाट पारित प्रस्तावहरुः-**

**१) सामान्य प्रस्तावहरु**

क) यस कम्पनीको आजको नवौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री धनबहादुर श्रेष्ठले कम्पनीको आ. व. २०८१।०८२ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । अध्यक्षले पेश गर्नुभएको वार्षिक प्रतिवेदन उपर सभामा दफावार छलफल भयो । छलफलको कममा शेयरधनीहरुले उठाउनुभएको जिज्ञासाहरुको जवाफ अध्यक्षले दिनुभयो । तत्पश्चात कम्पनीको आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित गरियो ।

ख) यस कम्पनीको आ.व. २०८१।०८२ को आय व्यय विवरण श्री सुवास आचार्य एण्ड एसोसिएट्सका प्रो. चार्टर्ड एकाउन्टेन्ट श्री सुवास आचार्यले लेखापरीक्षण गरी पेश गर्नु भएको लेखापरीक्षण प्रतिवेदन यस सभामा पेश भयो । उक्त लेखापरीक्षण प्रतिवेदन माथी छलफल भै सो प्रतिवेदन साथ संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित गर्ने निर्णय गरियो ।

ग) यस कम्पनीको आ.व.२०८१।०८२ को आय व्यय विवरणको लेखापरीक्षण गर्दै आउनु भएका सुवास आचार्य एण्ड एसोसिएट्सका प्रो.चार्टर्ड एकाउन्टेन्ट श्री सुवास आचार्यले ३ वर्षको लेखापरिक्षण गरि सक्नु भएको छ। आ.व.२०८२/८३ को लेखापरीक्षणका लागि विभिन्न ३ कम्पनीवाट प्रस्ताव माग गरेकोमा सबै भन्दा कम लेखापरिक्षण दस्तुर मु.अ.कर वाहेक रु.२,५०,०००/- के.पी. सिलवाल एण्ड एसोसिएट्सका चारर्टर्ड एकाउन्टटेन्ट प्रो श्री कमल प्रसाद सिलवालले प्रस्ताव गर्नु भएको हुदाँ निजको नाम संचालक समितिले निर्णय गरी यस साधारण सभामा पेश हुन आएको छ । यसमा संचालक समितिवाट सिफारिस भै आएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**२) विशेष प्रस्ताव**

क) यस इष्टर्न हाइड्रोपावर लिमिटेडले भोजपुर जिल्लामा पिखुवा खोला साना जल विद्युत आयोजना (५ मेगावाट) निर्माण गर्दा लिएको ऋणको साँवा भुक्तानी गर्ने प्रयोजनको लागि कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु ६२ करोडको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न संचालक समितिवाट निर्णय गरी यस साधरण सभामा पेश हुन आएकोमा सो बमोजिम हाल कायम रहेको चुंक्ता पूँजिको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरियो ।

ख) **कम्पनीको प्रवन्ध पत्रमा सम्सोधन**

कम्पनीले हाल कायम रहेको चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्नका लागी अधिकृत पूँजी रु ६२,००,००,०००।- (अक्षरुपी बैसठ्ठी करोड) वाट रु १,२४,००,००,०००।- (अक्षरुपी एक अर्व चौविस करोड) तथा जारी पुँजी रु ६२,००,००,०००।- (अक्षरुपी बैसठ्ठी करोड)

EASTERN HYDROPOWER Ltd. 2017

वाट रु १,२४,००,००,०००।- (अक्षरुपी एक अर्व चौविस करोड) कायम गर्ने र सो पश्चात प्रवन्ध पत्रमा हुन जाने संशोधनलाई देहाय वमोजिम २/२ प्रति टाइप गरी संशोधनका लागी कम्पनी रजिष्टारको कार्यालयमा पेश गर्ने र सम्वन्धित कार्यालय वाट स्वीकृत गराई अभिलिखित एक प्रति बुझिलिने निणर्य गरियो ।

## प्रवन्ध पत्रमा गरिएको संसोधनको व्यहोरा

नियम ४ (१) (छ)

"कम्पनीले नियामक निकायवाट अनुमती लिनुपर्ने भए सोहि अनुसार अनुमती लिई आफ्नो सहायक कम्पनी स्थापना गर्न सक्ने छ । उक्त सहायक कम्पनीले विभिन्न कम्पनीहरु वाट मात्र शेयर पूँजीको रुपमा रकम संकलन गरी उर्जा, कृषी, पर्यटन, उत्पादन तथा प्रसोधन, सूचना प्रविधि, याताया तथा सञ्चार जस्ता नाफा मुलक क्षेत्रमा लगानी गर्ने छ ।"

**६ कम्पनीको पूँजीगत संरचना**

क) कम्पनीले हाल कायम रहेको चुक्ता पूँजी रु ६२,००,००,०००।- (अक्षरुपी बैसठ्ठी करोड) को १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने छ ।

ख) कम्पनीले जारी गरेको हकप्रद शेयरमा कुनै शेयरधनीले लगानी गर्न असमर्थ भएमा वा नसकेमा अरु कसैलाई प्रचलित कानुन वमोजिम हस्तान्तरण गर्न पाउने छ ।

ग) कम्पनीको अधिकृत पूँजि रु.१,२४,००,००,०००।- (एक अर्व चौविस करोड) हुनेछ । सो पूँजिलाई प्रति शेयर रु.१००/- दरले १,२४,००,००० (एक करोड चौविस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

घ) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु १,२४,००,००,०००।- (एक अर्व चौविस करोड) हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- दरले १,२४,००,००० (एक करोड चौविस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**कम्पनी नियमावलीमा संशोधन** :-

हाल कम्पनीमा संस्थापक समूह ५ जना, सर्व साधारण समूहवाट १ जना र स्वतन्त्र समूहवाट १ जना गरी जम्मा ७ जनाको संचालक समिति कायम रहेको छ । कम्पनीले प्रारम्भीक सार्वजनिक निष्काशन गरी ३ बर्षको लकिङ पिरियड समाप्त भै सकेको अवस्थामा संस्थापक समूह र सर्व साधारण समूहलाई आपसमा एकिकरण गर्नुपर्ने हुन्छ । त्यसैले कम्पनीको नियमावलीको नियम २७ (२) मा संशोधन गर्नु पर्ने र यस नियम अन्तरगत अन्य दफा यथावत कायम रहने गरी संशोधन गरिएको छ ।

EASTERN HYDROPOWER Ltd.
2017

## कम्पनीको नियमावलीमा गरिएको संसोधनको व्यहोरा

नियम २७ (२) कम्पनीको संचालक समिति

कम्पनीमा देहाय वमोजिम ७ (सात) जनाको संचालक समिति हुने छ ।

क) सर्व साधारण समूह वाट ६(छ) जना नियुक्त हुने छ ।

ख) स्वतन्त्र समूह वाट १(एक) जना नियुक्त हुने छ ।

माथी उल्लेखित विशेष प्रस्तावको निर्णय कार्यान्वयन गर्न नियामक निकाय लगाएत अन्य निकायहरुवाट कानूनी र प्रशासनिक निर्णय गर्न निर्देशन भै आएमा सो निर्णय गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने निर्णय समेत गरियो ।

**ग)** आजको सभामा निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत श्री सन्तोष कुमार भट्टराईले संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूह (क) तर्फ बाट निर्विरोध निर्वाचित हुने ५ को जना नाम घोषणा गर्नु भयो ।

१) श्री देवराज राई

२) श्री शोभादेवी कर्माचार्य

३) श्री पुष्पराज शर्मा

४) श्री अशोक कुमार महर्जन

५) श्री धनवहादुर श्रेष्ठ

त्यसै गरी संचालक समितिमा सर्व साधारण समुह (ख) वाट प्रतिनिधित्व गर्ने पद-१ मा निर्विरोध निर्वाचित हुने उम्मेदवारको नाम घोषणा गर्नु भयो ।

श्री अनिमेश श्रेष्ठ

त्यसै गरी संचालक समितिमा स्वतन्त्र समूह (ग) वाट प्रतिनिधित्व गर्ने पद- १ मा संचालक समातिको मिति २०८२ पौष २२ गतेको वैठकले सिफारिस गरी नियुक्तीका लागि साधारण सभामा पेश हुन आएका उम्मेदवारको नाम घोषणा गर्नु भयो ।

श्री शशिराज श्रेष्ठ

निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतले घोषणा गर्नु भएको नामहरुलाई साधारण सभाले सर्व सम्मतीवाट स्वीकृत गर्ने निर्णय गरियो ।

EASTERN HYDROPOWER Ltd. 2017

३. विविधः

(क) संचालक समितिले यस कम्पनीको आ.व. २०८२।८३ र आ.व. २०८३।८४ का वार्षिक बजेट तथा कार्यक्रम तयार गरि स्वीकृतीका लागि यस साधारण सभामा पेश भयो । उक्त वार्षक वजेट तथा कार्यकममा दफावार छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

यस पछि छलफलका लागि कुनै प्रस्तावहरु नभएको व्यहोरा कार्यक्रम संचालक सभामा जानकारी गराउनु भयो र तत्पश्चात् सभाका अध्यक्षज्यूले नवौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु र अन्य उपस्थित महानुभावहरुलाई सभा सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवाद दिदै नवौं वार्षिक साधारण समापन भएको घोषणा गर्नुभयो ।

..........................
मिलन खतिवडा
कम्पनी सचिव

..........................
धनबहादुर श्रेष्ठ
अध्यक्ष